# संघीय संसद
# प्रतिनिधि सभा
# अन्तर्राष्ट्रिय सम्बन्ध समिति

**बैठक संख्या: ७८**
**(मिति: २०७९/०४/०३)**

**विषय:-**

१. यस समितिबाट तारागाउँ विकास समितिलाई दिइएका निर्देशन तथा सुझावहरु कार्यान्वयनका सम्बन्धमा ।
२. विविध ।

**छलफल तथा निर्णय:-**

समितिको आजको बैठकमा यस समितिबाट तारागाउँ विकास समितिलाई दिइएका निर्देशन तथा सुझावहरु कार्यान्वयनको हालसम्मको कार्यप्रगति एवं विविध विषयका सम्बन्धमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री माननीय श्री जीवनराम श्रेष्ठ, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव श्री होम प्रसाद लुइटेल, तारागाउँ विकास समितिका श्री सुरेश जोशी लगायतका पदाधिकारीहरुसँग छलफल भयो ।

साथै यस समितिका माननीय सभापतिलाई सम्बोधन गरी नेपालस्थित बंगलादेशको राजदूतावासबाट ८ (आठ) जनाको संसदीय प्रतिनिधिमण्डलका लागि प्राप्त बंगलादेश भ्रमणको निमन्त्रणा बमोजिम संसदीय कूटनीति एवं पर्यटन प्रवर्द्धनार्थ माननीय सभापतिको नेतृत्वमा समितिका माननीय सदस्य एवं कर्मचारीहरु सम्मिलित ८ (आठ) जनाको प्रतिनिधिमण्डलले यही २०२२ अगस्त महिनाको पहिलो हप्ता बंगलादेशको ४ (चार) दिने भ्रमण गर्ने निर्णय भयो ।

तत्पश्चात् समितिको बैठक अर्को सूचना नभएसम्मका लागि स्थगित भयो ।